# ११ आशाका दर्शन वा परिकल्पनाहरु, जकरिया

*यस अध्यायको निम्ति पढ्नुहोस्:* जकरिया १,२, रोमी १५:९-१८, एफिसी ३:१-८, जकरीया ३, जकरिया ४, प्रस्थान २५:३१-४०, जकरिया ७।

*स्मरण गर्नुपर्ने पद:* " 'त्यस समय तिमीहरू प्रत्येकले तिमीहरूको छिमेकीहरूलाई निम्तो दिने छौ। तिमीहरूको लहरे बिरुवा र अङ्‌जिरका रूखहरूमनि तिनीहरू बस्नेछन्।" परमप्रभु परमेश्वर घोषणा गर्नुहुन्छ' " (जकरिया ३:१० न्यु इन्टरनेशनल रिभाइज्द भर्जन बाइबल)।

*मूल सोच:* इस्राएलका जनताहरूले पाप गरेका कारण तिनीहरूलाई सजायँ दिएको थियो। परमेश्वरले दिनुभएका प्रतिज्ञाहरूमा समावेश भएर उहाँसँग सम्बन्ध जोड्दै जीवन निर्वाह गर्न फेरि तिनीहरूलाई अवसर दिइएको थियो।

मध्य युरोपको पुरानो किल्लामा एउटा छोटो भनाई ल्याटिन भाषामा कुँढेको छ। त्यसमा यस्तो लेखिएको छः "**DUM SPIRO, SPERO !** (डम स्पिरो, स्पिरो !) त्यसको अर्थ हो, "जब सम्म म सास फेर्छु, तब सम्म मेरो आशा छ!" परमेश्वरका जनहरूलाई उहाँले जकरियाद्वारा दिनुभएको सन्देशलाई उपरोक्त भनाइले संक्षिप्त रूपमा पुष्टि गरेको छ। बेबिलोनको दासत्व जीवन निर्वाह गरि फर्केको करिब बिस वर्षपछि यहूदीहरू अत्यन्त हतोत्साह भएका थिए। परमेश्वर उहाँका जनहरूको माझमा अझै हुनुहुन्छ कि भन्ने कुरामा तिनीहरूले शङ्का गर्न थालेका थिए।

जकरिया नाउँको अर्थ "परमेश्वरले सम्झनुहुन्छ" हो। परमेश्वरको अगमवक्ता भएर उनले आफ्नो सेवाकार्य सुरू गरेका थिए। अगमवक्ता हग्गैले आफ्नो काम सुरू गर्नुभन्दा केही महिनापछि जकरिया पनि परमेश्वरको सेवाकार्यमा समावेश भएका थिए (हग्गै १:१, जकरिया १:१)। विभिन्न दर्शनहरूद्वारा वर्तमान र भविष्यमा तर्जुमा गर्ने परमेश्वरका योजनाहरूको बारेमा जकरियाले जानकारी पाएका थिए। परमेश्वरको अनन्त राज्य छिट्टै आउनेवाला थियो। तर उनको समयमा भएका यहूदीहरूले परमेश्वरको सेवा गर्न नअल्मिएर अहिले नै गर भनेर

उनले आह्वान गरेका थिए। मानिसहरूले परमेश्वरप्रति निष्ठावान भएर उहाँको उपासना र सेवा कसरी गर्ने भन्ने विषयवस्तु जकरियाले आफ्नो पुस्तकको मूल भागमा समावेश गरेका छन्। परमेश्वरले जकरियालाई के देखाउनुभयो भनेर यस अध्याय र अर्को अध्यायमा अध्ययन गर्नेछौं।

## १. जीवनमा सान्त्वना दिने खालका वचनहरू (जकरिया १:३)

जकरिया अध्याय १मा एक अचम्मको दृष्य वा दर्शन अगमवक्ता जकरियालाई देखाइएको छ। विषेश गरेर त्यस अध्यायको ३ पद उल्लेखनीय छ। त्यसमा परमेश्वरको मनशाय मानिसहरूलाई व्यक्त गर्नुभएको छ। हेरौं: १ दारा फारस देशको महाराजा भएको दोस्रो वर्षको आठौं महिनामा परमप्रभुले बेरेक्याहको छोरो र इद्दोको नाति जकरिया अगमवक्तालाई यो सन्देश दिनुभयो। २ सर्वशक्तिमान् परमप्रभुले मानिसहरूलाई यसो भन्न जकरियालाई भन्नुभयो, "म परमप्रभु तिमीहरूका पिता-पुर्खाहरूसित औधी रिसाएको थिएँ, ३ तर म अब तिमीहरूलाई भन्दै छु, 'मकहाँ फर्की आओ र म तिमीहरूकहाँ फर्की आउनेछु। ४ तिमीहरू आफ्ना पिता पुर्खाहरूजस्ता नहोओ। धेरै समयअघि नै अगमवक्ताहरूले तिनीहरूलाई दुष्ट चालचलन र दुष्कर्म छोड्न मेरो सन्देश तिनीहरूलाई दिएका थिए। तर तिनीहरूले मेरा कुरा सुनेनन् र मेरा आज्ञा मानेनन्। ५ ती अगमवक्ताहरू र तिम्रा पुर्खाहरू अब जीवित छैनन्। ६ मेरा सेवक अगमवक्ताहरूद्वारा मैले तिम्रा पुर्खाहरूलाई आज्ञा र चेतावनीहरू दिएँ; तर तिनीहरूले तिनको केही वास्ता गरेनन् र त्यसको फल भोग्नुपर्‍यो। त्यसपछि तिनीहरूले पश्चात्ताप गरे र 'म सर्वशक्तिमान् परमप्रभुले दण्ड दिन्छु भनेर निश्चय गरेको र तिनीहरूले पाउने उचित दण्ड तिनीहरूलाई दिएको थिएँ भनी तिनीहरूले मानिलिए।'

७ दारा महाराजा भएको दोस्रो वर्ष, त्यसको एघारौं महिना (शबाथ महिना) को चौबीसौं दिन परमप्रभुले मलाई राती दर्शनमा एउटा सन्देश दिनुभयो। ८ मैले एक जना मानिस रातो घोडामा चढेको देखें। उनी एउटा बेसीमा मेहदीको बोटहरूको बीचमा अडिएका थिए। तिनका पछिल्तिर राता, खैरा र सेता घोडाहरू थिए। ९ तिनलाई मैले सोधें, प्रभु, "यी घोडाहरूका अर्थ के हुन्?" मसँग बोल्ने स्वर्गदूतले जवाफ दिए, "त्यो म तिमीलाई बताइदिनेछु। १० यी घोडाहरूलाई परमप्रभुले पृथ्वीमा गएर के-के हुँदै छ, सो हेर्न पठाउनु भएको हो भनी मेहदीका बोटहरूबीच

उभेका ती मानिसले भने। ११ तब तिनीहरूले परमप्रभुको स्वर्गदूतलाई
यस्तो बयान दिए, "हामीले सारा पृथ्वी फेरो लाएर हेऱ्यौं। सारा संसार
शान्त र चुपचाप छ।" १२ तब ती स्वर्गदूतले भने, "हे सर्वशक्तिमान्
परमप्रभु, सत्तरी वर्षसम्म तपाईं यरूशलेम र यहूदाका अरू सहरहरूसँग
रिसाउनुभएको छ। अरू कति दिनसम्म तपाईंले तिनीहरूमाथि दया
देखाउनुहुन्न?" १३ तब परमप्रभुले मसँग कुरा गर्ने स्वर्गदूतलाई दया र
सान्त्वनाका कुराहरू भन्नुभयो १४ र तिनै स्वर्गदूतले मलाई
सर्वशक्तिमान् परमप्रभुका यी वचन घोषणा गर्ने आदेश दिए, "मेरो पवित्र
सहर यरूशलेमको निम्ति मेरो गहिरो माया र वास्ता छ १५ अनि शान्ति
र मेल-मिलापको आनन्द पाएका जातिहरूमाथि मेरो ठूलो क्रोध छ
किनभने मैले आफ्नो प्रजामाथि आफ्नो रिस रोकिराखेको बेलामा ती
जातिहरूले मेरा मानिसहरूको विपत्ति अझ धेरै बढाइदिए। १६
यसकारण मेरो दया देखाउनलाई म यरूशलेममा फर्की आएको छु। मेरो
मन्दिर फेरि बनाइने र यो सहर फेरि नयाँ गरी बसालिनेछ।" १७
स्वर्गदूतले मलाई यो कुरो पनि घोषणा गर्न अह्राए, "सर्वशक्तिमान् परमप्रभु
भन्नुहुन्छ कि उहाँका सहरहरूको फेरि उन्नति हुनेछ र उहाँले फेरि
यरूशलेमलाई सहायता गर्नुहुनेछ र त्यसलाई आफ्नो सहर
बनाउनुहुनेछ।" १८ अर्को दर्शनमा मैले चारवटा गोरुका सिङहरू देखें।
१९ मसित बोलिरहेका स्वर्गदूतलाई मैले सोधें, "यी सिङहरूका अर्थ के
हुन्?" स्वर्गदूतले उत्तर दिए, "यी सिङहरूले तिनै शक्तिशाली राज्यहरूलाई
बुझाउँछन्, जसले यहूदा, इस्राएल र यरूशलेमका मानिसहरूलाई धपाएर
छरपष्ट पारेका थिए।"

२० त्यसपछि परमप्रभुले मलाई हातमा मार्तोल लिएका चार
जना कारिगरहरू देखाउनुभयो, २१ मैले सोधें, "यी मानिसहरू के गर्न
आएका हुन्?" उहाँले जवाफ दिनुभयो, "जुन जातिहरूले यहूदा देशलाई
सम्पूर्णरूपले धुलोपिठो पारी त्यहाँका बासिन्दाहरूलाई छरपष्ट पारेका
थिए, ती जातिहरूलाई भयभीत पारी तिनीहरूको पतन गर्न यी कारिगडहरू
आएका हुन्।"

जब यहूदीहरू बेबिलोनको देशबाट दासत्वको जीवनलाई फुत्केर इस्राएलमा फर्किन आउन अवसर पाएका थिए तब तिनीहरूको हृदयमा अत्यानन्द पहलाएको थियो। फेरि आफ्नै देशमा फर्कनुपर्दा केही हदमा चिन्तित पनि छाएको थियो। आफ्नै देशमा तिनीहरूले

सुरक्षाको आभास पाएका थिएनन्। शत्रुहरू आएर तिनीहरूलाई दुःख दिन्छ कि भनेर तिनीहरू चिन्ति भएका पनि थिए। विगत समयमा परमेश्वरको विरुद्धमा चलेको हुनाले परमेश्वरप्रति तिनीहरूले गरेको गद्दारीलाई के उहाँले क्षमा दिनुभयो त भन्ने प्रश्न पनि तिनीहरूको मनमा खेलिरहेको थियो। के परमेश्वरले तिनीहरूलाई सजायँ दिइरहनुहुन्छ की भनेर पनि तिनीहरूले सोधिरहेका थिए। परमेश्वरले चुन्नुभएका जनहरू र अरू राष्ट्रहरूको भविष्य कहाँ गएर टुङ्गिन्छ सो पनि तिनीहरूको जल्दोबल्दो चासोको विषय थियो।

परमेश्वरको स्वर्गदूतले यहूदाको पक्षमा चलेको जकरियाले आफ्नो दर्शनमा देखेको थियो। स्वर्गदूतले नै यसरी प्रश्न परमेश्वरको सामु राख्दछन्, **"हे प्रभु** कहिले सम्म हो?**...**" (जकरिया १:१२)। परमेश्वरको सहायताको निम्ति विन्ती गर्नेहरूले त्यस्तो प्रश्न बाइबलमा प्रायजसो प्रयोग गरेको पाइन्छ (भजन ७४:१०, यशैया ६:११, दानिएल ८:१३)। जकरियाको निम्ति त्यो प्रश्नको उत्तर सिधै स्वर्गदूतबाट आएको हुन्छ। स्वर्गदूतले पाएको उत्तर जकरियालाई पुऱ्याउँछन्। त्यस जवाफमा सदाशयता, दया र सान्त्वनाको प्रतिज्ञा परमेश्वरले दिनुभएको थियो।

जकरिया १:१४को अनुवाद अङ्ग्रेजीमा यरुशलेमको निम्ति "म अति डाही छु" भनेर परमेश्वरले सम्बोधन गर्नुभएको छ। डाहको अर्को अर्थ ईर्ष्यालु, मनमा छटपटिने भावना, हृदयको पिडा आदि हुन्। त्यस्तो खालको भावना नकरात्मक हुन सक्छ। तर बाइबलमा त्यस शब्को अर्थ परमेश्वरको प्रेम, माया र निगरानी राख्ने देखाउने चरित्र हुन्। परमेश्वरले उहाँका जनहरूलाई अति प्रेम गर्नुहुन्छ र तिनीहरू उहाँमाथि मात्र भरपरेर हिँडुन् भनेर उहाँ अपेक्षा गर्नुहुन्छ। अरू राष्ट्रहरूले उहाँ जनहरूलाई अनुचित व्यवहार गरेकोले ती राष्ट्रहरूको विरुद्धमा क्रोध देखाएर यरुशलेमप्रति आफ्नो एकलौटी प्रेम देखाउनुहुन्छ। उहाँका जनहरूप्रति अति क्रुरता देखाएको कारणले ती राष्ट्रहरूलाई परमेश्वरले पूरा अभियोग लगाउनुभएको थियो।

आफ्ना जनहरूप्रति पनि परमेश्वर नाराज हुनुभएको भनेर जकरिया १:१५-१७मा देखाइएको छ। तर उहाँको रिसलाई तिनीहरूलाई दिने सान्त्वनाले तिरी दिन्छु भनेर उहाँले प्रतिज्ञा गर्नुहुन्छ। परमेश्वरको दया र सदाशयता यरुशलेममा फर्काउनुहुन्छ भनेर प्रचार

गर्ने जिम्मा जकरियालाई सुम्पिएको थियो। परमेश्वरको रिस उहाँका शत्रुहरूतिर फर्काउने बेलामा उहाँले सियोन अर्थात् यरुशलेमलाई सान्त्वना दिनुहुनेछ (यशैया ४०:१)। यरुशलेमको पुनःजिर्नोद्धार हुनेछ। अनि त्यो शहर परमेश्वरको घर फेरि हुनेछ।

"<u>तर म अब तिमीहरूलाई भन्दै छु, 'मकहाँ फर्की आओ र म तिमीहरूकहाँ फर्की आउनेछु।"</u> **भन्ने जकरिया १ः३को आह्वानमा फेरि मन लगाउनुहोस् त? परमेश्वरतिर कोहि मानिस कसरी फर्किन्छ? परमेश्वर र उहाँको जनको बीचमा तोडिएको सम्बन्ध फेरि जोड भनेर उहाँले गर्नुभएको आह्वानलाई कुन् कुन् उपायहरूद्वारा साकार पार्ने? हामीहरूको दैनिक जीवनमा परमेश्वरतिर कसरी फर्केर बस्ने?**

## २. परमप्रभु परमेश्वर स्वामी आउनुहुनेछ (जकरिया २)

पुनःनिर्माण गरिएको यरूशलेमशहरको जकरियालाई देखाइएको दर्शन जकरिया २मा यस प्रकारको छः "मैले अर्को दर्शनमा हातमा नाप्ने डोरी लिएको एक जना मानिसलाई देखें। २ "तिमी कता जाँदै छौ?" मैले तिनलाई सोधें। तिनले उत्तर दिए, "यरूशलेम नाप्नलाई, त्यसको लम्बाई र चौडाई कति छ, सो हेर्नलाई म जाँदै छु।" ३ तब मसित बोलिरहेका स्वर्गदूत अघि सरे र अर्को एक जना स्वर्गदूत उनलाई भेट्न आए। ४ अघिल्ला स्वर्गदूतले पछि आउने स्वर्गदूतलाई भने, "दगुरेर गई त्यस हातमा नाप्ने डोरी लिई जाने ठिटालाई भन कि यरूशलेममा यति धेरै मानिसहरू र जीव-जन्तुहरू हुनेछन् कि सहरलाई पर्खाल लाउन सकिन्न। ५ परमप्रभुले म आफैं सहरका चारैपट्टि आगोको पर्खाल भई त्यसको रक्षा गर्नेछु र आफ्नो महिमामा त्यहाँ बास गर्नेछु भनी प्रतिज्ञा गर्नुभएको छ।" ६-७ परमप्रभुले आफ्ना प्रजालाई भन्नुभयो, "मैले तिमीहरूलाई चारै दिशामा छरपष्ट पारें। तर तिमी कैदमा परेकाहरू बेबिलोनिया देशबाट भागेर यरूशलेममा फर्की आओ। ८ जसले तिमीहरूलाई हिर्काउँछ, मैले बहुमूल्य ठानेकोलाई नै त्यसले हिर्काउँछ।" यसकारण सर्वशक्तिमान् परमप्रभुले आफ्ना प्रजालाई लुट्ने जातिहरूकहाँ यो सन्देश दिई मलाई पठाउनुभयो, ९ "परमप्रभु आफैंले तिमीहरूका विरुद्धमा लडाइँ गर्नुहुनेछ र एक समय तिमीहरूको चाकरी गर्ने मानिसहरूले अब तिमीहरूलाई लुट्नेछन्। यी कुरा पूरा हुँदा मलाई सर्वशक्तिमान् परमप्रभुले पठाउनुभएको हो भनी सबैले जान्नेछन्। १०

त्यसपछि परमप्रभुले भन्नुभयो, "हे यरूशलेमका बासिन्दाहरू हो, आनन्दले गाओ! म तिमीहरूका बीचमा बास गर्न आउँदै छु!" ११ त्यस बेला धेरै जातिहरू परमप्रभुकहाँ आउनेछन् र उहाँका प्रजा बन्नेछन्। उहाँ तिमीहरूका माझमा बास गर्नुहुनेछ र मलाई उहाँले तिमीहरूकहाँ पठाउनुभएको हो भनी तिमीहरू जान्नेछौ। १२ फेरि एक चोटि परमप्रभुले आफ्नो पवित्र देशमा यहूदालाई आफ्नो निज सम्पत्ति बनाउनुहुनेछ र यरूशलेमलाई फेरि चुन्नुहुनेछ। १३ परमप्रभुको सामुन्ने सबै मानिस चुप होओ किनभने उहाँ आफ्नो पवित्र बासस्थानबाट आउँदै हुनुहुन्छ।"

शहरमा मानिसहरू यति धेरै भएका थिए कि तिनीहरू पर्खालको बाहिर पनि फैलिएका थिए। नयाँ यरुशलेममा भित्राउन विश्वको अनगिन्ति गैर-यहूदी अर्थात् अन्य जातिहरू पनि आकर्षित गर्नेछ। अरू जातिका मानिसहरूलाई अन्य जाति वा म्लेच्छ भनेर तिरस्कार गर्ने ती यहूदीहरूको निम्ति त्यो आह्वान अत्यन्त नौलो र अपत्याईलो खालको हुनसक्छ। हर्षले उत्तेजित होऊ भनेर पद १०मा आह्वान गर्दछ। अनि किन खुशीले गदगद हुनुपर्छ भनेर त्यसले कारण दिँदछः उहाँ जनहरूकै बीचमा रहनु प्रभुको व्यक्तिगत आगमन।

पुनःनिर्माण गरिएको उहाँको भवनमा रहन जुन नाटकिय ढँगमा उहाँको आमगम हुन्छ त्यही नै बेबिलोनबाट फर्केका मानिसहरूको हर्षको कारण हुनेछ। उहाँ तिनीहरूसँग रहने भएकोले उहाँप्रति आभारित भएर उहाँको प्रशंसा गाउने हो। अति महान् राजा परमेश्वरको घर सियोनलाई "सियोनकी छोरी" भनेर कहलाइएको छ। परमेश्वरको प्रेम उहाँका भक्तहरूप्रति कत्तिको रहेछ भनेर चित्रण गर्न त्यो नाउँ अगमवक्ताले प्रयोग गरेका हुन्। परमेश्वर आफैले उहाँका भक्तजनहरूको हेरविचार गर्नु हुनेभएकोले सियोन वा यरुशलेममा रहने भएकोले खुशीयाली मनाउन मानिसहरूलाई आह्वान गरिएको हो। कसैले परमेश्वरको जनहरूलाई कुनियत ढँगले चुन्दछ भने त्यसले उहाँको अति बहुमूल्य धनलाई छोएको बराबर हो भनेर पद ८मा स्पष्ट पारेको छ।

परमेश्वरले निर्धारण गर्नुभएको अन्तिम दिनमा धेरै गैर-यहूदीहरूले परमेश्वरको करार वा वाचालाई सहृदयसाथ स्वीकार गर्नेछ भनेर अगमवक्ताले भनेका छन्। यहूदीहरूले सच्चा परमेश्वरको सेवा कसरी गर्दोरहेछ भनेर इस्राएल देशका वरिपरि रहेका राष्ट्रले देखुन्

भन्न परमेश्वरको पहिलो योजना थियो। परमेश्वरप्रतिको सेवाभावनाले प्रेरित भएर चलेको हुनाले इस्राएलीहरूको जीवनमा सफलता र पुगिसरीको आशिष प्राप्त भइरहेको ती छिमेकी राष्ट्रहरूले देख्ने थिए। इस्राएलीहरूको भक्ति जीवनको व्यवहारिकतामा प्रभावित भएर ती राष्ट्रहरू पनि परमप्रभु परमेश्वरमा विश्वास गर्न सरिक हुन्थे। अनि निष्ठावान यहूदीहरू र गैर-यहूदी अर्थात् म्लेच्छ वा अन्य जाति भनेर तिरस्कृत भएका मानिसहरू परमेश्वरमा एक भएर उहाँको उपासना गर्नेथिए। अनि ती सबैको माझमा परमेश्वर हुनुहुनेथिए। अब्राहम र सारालाई दिनुभएको प्रतिज्ञा त्यस परिस्थितिले पूरा गरिन्थ्यो। तिनीहरूलाई परमेश्वरले एक किसिमको बाचा दिनुभएको थियो। त्यो थियो, तिनी र तिनीहरूका भावी सन्तानले परमेश्वरप्रति निष्ठावान भएको कारणले संसारका सबै राष्ट्रहरू पनि उहाँको आशिषमा सहभागी सम्मिलित हुने बाचा (उत्पत्ति १२:१-३)।

विश्वका सारा जनशंख्याले परमेश्वरको आशिषमा सहभागी हुने भविष्यवाणी कसरी पूरा हुने रहेछ भनेर देहायका पदहरूले बताउँदछः रोमी १५:१-९, " हामी विश्वासमा बलियो हुनेहरूले कमजोरहरूको कमजोरीलाई सहनुपर्छ। हामीले आफूखुसी मात्र गर्नुहुँदैन; तर अरूको पनि वास्ता गर्नुपर्छ। २ हामी हरेकले आफ्नो छिमेकीको भलाइ र विश्वासमा उन्नति होस् भनेर उनलाई खुसी पार्नुपर्छ ३ किनभने ख्रीष्टले पनि आफूलाई खुसी पार्ने काम गर्नुभएन। त्यस्तै धर्मशास्त्रमा पनि लेखिएको छ, "तपाईंलाई हप्काउनेहरूका हप्की ममाथि परेका छन्।" ४ धर्मशास्त्रमा लेखिएको कुराले हामीलाई शिक्षा दिन्छ। हाम्रो आशालाई बढाउन धर्मशास्त्रको कुराले हामीलाई सहने शक्ति र उत्साह दिन्छ। ५ सहने शक्ति र उत्साह दिने परमेश्वरले नै तिमीहरूलाई येशू ख्रीष्टको चालमा चल्ने र एकै मनको हुने शक्ति देऊन्। ६ यसरी तिमीहरू सबैबाट एकै मनको भएर एउटै सोरमा हाम्रा प्रभु येशू ख्रीष्टका पिता र परमेश्वरको जय-जयकार हुन सकोस्। ७ परमेश्वरको सम्मान्को लागि ख्रीष्टले हामीलाई स्वागत गरेजस्तै तिमीहरूले पनि एक-अर्कालाई स्वागत गर ८-९ किनभने म तिमीलाई भन्दछु, परमेश्वर सत्य हुनुहुन्छ र हाम्रा पिता-पुर्खालाई दिनुभएको प्रतिज्ञा पूरा गर्न कहिले पनि चुक्नुहुन्न। यही कुरो बुझाउन र अन्यजातिका मानिसहरूले पनि परमेश्वरको दयाको लागि उहाँलाई प्रशंसा गरून् भनेर ख्रीष्टले यहूदीहरूको सेवा गर्नुभयो।

धर्मशास्त्रमा यसरी लेखिएको छ, "यसैकारण म अन्यजातिको माझमा तपाईंको प्रशंसा गर्नेछु

अनि तपाईंकै नाउँको स्तुति गाउनेछु।"

एफिसी ३:१-१०, "यसकारण तिमी अरू जातिका मानिसहरूको लागि ख्रीष्टको काम गर्दा म पावल कैदी भएको छु। २ तिमीहरूकै लागि मैले परमेश्‍वरको अनुग्रहको काम गर्ने भार पाएको छु भन्ने कुरा तिमीहरूले साँच्चै सुनेका छौ। ३ परमेश्‍वरले आफ्ना भित्री योजना खोलिदिएर मलाई प्रकट गर्नुभयो। यसै बारेमा मैले तिमीहरूलाई पहिले नै संक्षेपमा लेखिसकेको छु। ४ मैले लेखेको कुरा पढ्यौ भने मैले ख्रीष्टका रहस्य कति बुझेको रहेछु तिमीहरूलाई थाहा हुनेछ। ५ पहिले यो रहस्य अरू कुनै मानिसलाई थाहा दिएको थिएन तर अहिले यो रहस्य आत्माद्वारा आफ्ना पवित्र प्रेरित र अगमवक्ताहरूलाई परमेश्‍वरले प्रकट गरिदिनुभएको छ। ६ त्यो रहस्यचाहिँ यही हो, अरू जातिका मानिसले पनि सुसमाचारद्वारा इस्राएलीले जस्तै परमेश्‍वरको आशिष्‌हरू पाउन सक्छन्। अरू जातिका मानिस पनि एउटै शरीरका अङ्ग हुन् र ख्रीष्ट येशूमा परमेश्‍वरले गर्नुभएको प्रतिज्ञाको भागिदार भएका छन्। ७ उहाँको विशेष वरदानद्वारा नै सुसमाचारको काम गर्ने सेवक म बनें, यो वरदान उहाँले आफ्नो शक्तिको कामबाट नै मलाई दिनुभयो। ८ ख्रीष्टका पवित्र जनहरूमध्ये म सबभन्दा तुच्छ भए पनि ख्रीष्टको असीम सम्पत्ति सुसमाचार अरू जातिका मानिसलाई सुनाउने वरदान परमेश्‍वरले मलाई नै दिनुभयो। ९ परमेश्‍वरको रहस्यमय योजनाले कसरी काम गर्छ, त्यो सबै मानिसलाई बताउने काम मैले पाएको छु। सबै थोक रचना गर्ने परमेश्‍वर नै हुनुहुन्छ। उहाँले आफ्ना गुप्त कुराहरू बितेका सारा युगहरूमा लुकाइराख्नुभयो। १० वर्तमान कालमा मण्डलीद्वारा आकाशका देवी-देवताहरू र शासकहरूले परमेश्‍वरका बहुमुखी ज्ञान थाहा पाऊन् भन्ने उद्देश्यले ती रहस्य प्रकट गरिएका थिएनन्।"

विश्वका राष्ट्रहरूलाई नाश नगर्ने प्रतिज्ञा परमेश्वरले जकरियाको भविष्यवाणीबाट अवगत गराइएको थियो। परमेश्वरलाई नचिन्ने ती राष्ट्रहरू पनि विश्वासीहरूको सक्रियताले गर्दा उहाँलाई चिन्ने अवसर पाएका हुनाले तिनीहरू पनि उहाँका जनहरूमा समावेश हुने प्रतिज्ञा परमप्रभु सनातनका परमेश्वरले गर्नुभएको थियो। भविष्यमा हुने त्यो प्रतिज्ञाचाहिँ परमेश्वरको आफ्नै योजनाको नतिजा हो। बाइबलका धेरै

अगमवक्ताहरूले धेरै समयदेखि त्यस स्थितिको चाहना गरेका थिए। अब त्यो प्रतिज्ञा येशूमा पूरा हुने भएकाले सारा संसारमा गएर सबैको निम्ति मुक्तिको योजनाको सुसमाचार सुनाउन येशूले उहाँको चर्चलाई निर्देशन दिनुभएको थियो। तर केवल सुनाउने मात्र नभएर ती प्रचार गर्न व्यक्तिहरू आफैले पनि विश्वास गर्नु अनिवार्य थियो। परमेश्वरको त्यो योजना युगौं युगसम्म रहस्यमय भएर लुकिरहेको थियो भनेर प्रेरित पावलले भनेका थिए (रोमी १६:२५)।

**हामीहरूका जीवनका सबै पक्षहरूबाट र हामीहरूको आचारणबाट सुसमाचारको सन्देश खुलारूपमा प्रचार भइरहेको हुन्छ भन्ने आत्मिक ज्ञानमा हामी कसरी पुग्ने? अर्को शव्दहरूमा भन्ने हो भने, हामीहरूको जीवन, समय, सोचाइ आदिबाट हामीले पाएका उदेकको सत्यमा हामी केन्द्रित भएर चलेका छौं भन्ने सन्देश संसारको माझमा कसरी हामी पुऱ्याइरहेका छौं?**

## ३. परमेश्वरले क्षमा दिन तत्पर हुनुहुन्छ (जकरिया ३)

**जकरिया ३ अध्यायले सुसमाचारको मर्मलाई कसरी खुलाएका छन्, हेर्नुहोस्: १ परमप्रभुले मलाई अर्को एउटा दर्शन दिनुभयो। मैले महा-पूजाहारी यहोशू परमप्रभुको दूतको अगाडि उभिएका देखें। त्यहाँ यहोशूको छेउमा उनलाई दोष दिन शैतान उभिरहेको थियो। २ परमप्रभुका दूतले शैतानलाई भने, "शैतान, तँलाई परमप्रभुले हप्काऊन्! यरूशलेमलाई चुन्नुहुने परमप्रभुले तँलाई सजाय देऊन्! यो मानिस त आगोबाट निकालिएको अगुल्टो मात्र होइन?" ३ यहोशू मैला लुगा लाएर उभिएका थिए। ४ स्वर्गदूतले तिनका सुसारेहरूलाई भने, "यस मानिसको मैलो लुगा फुकालिदेओ।" त्यसपछि उनले यहोशूलाई भने, "हेर, मैले तिम्रो पाप हटाइदिएको छु र म तिमीलाई बहुमूल्य लुगा लगाइदिनेछु।" ५ उनले सुसारेहरूलाई यहोशूको टाउकोमा सफा फेटा लाइदिने आज्ञा दिए। सुसारेहरूले त्यसै गरे र उनको जिउमा बहुमूल्य लुगा पनि लाइदिए। स्वर्गदूतचाहिँ त्यहीं उभिरहेका थिए। ६ तब स्वर्गदूतले सर्वशक्तिमान् परमप्रभुका यी वचन यहोशूलाई सुनाए, ७ "यदि तैंले मेरा नियमहरू पालन गरिस् र मैले खटाएका कामहरू पूरा गरिस् भने, तैंले मेरो मन्दिर र त्यसका चोकहरूको हेरचाह गर्नेछस् र यहाँ उभिएकाहरूलाई झैं मेरो सामु आउने अधिकार तँलाई दिनेछु। ८ हे**

महा-पूजाहारी यहोशू! तँ र तेरा सङ्गी पूजाहारीहरू सबैले यो कुरा सुन! तिमीहरू आउने असल दिनहरूका लक्षण हौ। हाँगा कहलाइने मेरो सेवकलाई म प्रकट गर्नेछु। ९ म यहोशूको अघि एउटा सातपाटे ढुङ्गा राख्नेछु। म त्यसमा केही अक्षर खोप्नेछु र एकै दिनमा यो देशको पाप हटाइदिनेछु। १० त्यो दिन आएपछि तिमीहरू हरेकले आफ्ना छिमेकीलाई आफ्ना दाखबारी र नेभाराका बोटहरूबीच शान्ति-सुरक्षासाथ बस्न निम्तो दिनेछौ।"

मुक्ति भनेको हामीहरूको धर्मकर्म, परम्परा वा संस्कारहरूलाई पालन गरेर होइन तर शुद्ध रूपमा परमेश्वरमा नै विश्वास गरेर र आस्था राखेर पाइन्छ भन्ने अचम्मको सत्य प्रस्तुत गर्ने पुरानो करारमा यशैया ५३बाहेक जकरिया ३ जस्तो अरू छैन। जकरियाले देखेका दर्शनमा मूल पूजारी यहोशू परमेश्वरको सामुन्ने खडा भएको देखाइएको छ। त्यसमा उनलाई सैतानले विभिन्न अभियोगहरू लगाएका थिए। मूल पूजारीको विरुद्धमा लगाएका ती अभियोगहरू यहूदी राष्ट्रकै थियो जसलाई यहौशूले प्रतिनिधित्व गरेका थिए। यहोशू नाउँको अर्थ “परमेश्वरले बचाउनुहुन्छ" हो (मत्ती १:२१ हेर्नुहोस्)। येशूको अर्को नाउँ पनि यहोशू भन्न सकिन्छ।

जब तपाईं कसैको पक्षमा उभिनु हुन्छ, त्यसलाई दिइएका अभियोगहरूको सामना गर्नुहुन्छ र त्यसलाई सुरक्षा दिन चाहनुहुन्छ भने त्यस व्यक्तिको दायाँतिर तपाईं उभिनुहुन्छ, त्यो बाइबलको समयको चलन थियो। भजनसंग्रहका लेखक भजन १६:८मा त्यस अवधारणालाई यसरी इङ्गित गरेको छ, “ मैले परमप्रभुलाई सधैं मेरो सामुन्ने राखेको छु। उहाँ मेरो दाहिने हाततर्फ हुनुहुन्छ, यसकारण म डग्नेछैनँ।" (भजन ४४:३ पनि हेर्नुहोस्)। त्यस अवस्थामा सैतानचाहिँ ठिक विपरित काम गरिरहेको हुन्छ (भजन १०९:६)। आफ्ना जनहरूको निम्ति यहोशू परमेश्वरको सामु खडा भएका थिए। तर ती जनहरूको पापलाई भन्डाफोर गर्दै सैतान तिनीहरूको विपक्षमा उभिएको थियो।

तर सैतानको अभियोगहरूलाई सुन्न परमेश्वर इन्कार गर्नुहुन्छ। आफ्नो सदाशयता र दयाले यहोशूलाई चुनिनुभएको छ भनेर परमेश्वरले सैतानलाई सम्झाउँछ। परमेश्वरले दिनुहुने दण्डको पूरा असर उहाँका जनहरूले भोगीसकेका थिए। जसरी जलिरहेको आगोबाट अगुल्टो

निकालेर त्यसलाई छुटकारा दिइयो (आमोस ४:११) त्यसरी नै बेबिलोनको दासत्वबाट यहूदीहरूको सानो झुण्डलाई उहाँले छुटककारा दिनुभएको थियो।

यहोशूले लगाएका झुत्रेझाम्रे वा थाङ्ना लुगाहरूले मानिसहरूका पापलाई प्रतिनिधित्व गरेको थियो। परमेश्वरको स्वर्गदूतको आदेशले उनको लुगालाई फुकाली दिएको थियो। अनि उनलाई शुद्धिकरण गरिएको थियो र उनलाई मुक्ति र पवित्रता अर्थात् धर्मपरायणताको लुगा पहिऱ्याइ दिएका थिए।

अन्तमा परमेश्वरको इच्छा पालन गर्न र परमेश्वरको मार्गमा हिँड्न यहोशूलाई निर्देशन दिइएको थियो। यदि उनी विश्वासीलो र परमेश्वरमा निष्ठावान भएर चले उनले परमेश्वरको भारी आशिषहरू पाउनेतिर अग्रसर हुने अवसर मिलेको थियो।

“आफ्नो मानिसहरूको खिलाफमा सैतानले लगाएका अभियोगहरूको सामना मूल पुजारीले गर्न सक्दैन्थ्यो। इस्राएल पाप र गलतबाटोमा हिँडेको छैन भनेर दावी गर्ने सुर उनमा थिएन। यहोशूको फोहरी लुगाले नै उनका जनहरूको पापको प्रतिक थियो। ती मानिसहरूको प्रतिनिधित्व गरेर यहोशू स्वर्गदूतको सामु तिनीहरूको पापलाई स्वीकार गर्दछन्। फेरि पापप्रति ती मानिसहरूले गरेको पछुताउलाई पनि उनले औंल्याएका थिए। पाप क्षमा गर्ने शदाशयी र दयालु मुक्तिदातामाथि पनि उनी भर परेका थिए। विश्वास र आस्थाद्वारा यहोशूले परमेश्वरका प्रतिज्ञाहरूको दावी गरेका थिए।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस्, पृ. ५८३,५८४बाट रूपान्तरित। पापीहरूलाई येशूको धार्मिक पोसाक पहिऱ्याइ दिने प्रतिज्ञा पनि ती प्रतिज्ञाहरूमा समावेश भएका थिए।

**तपाईं आफ्नो फोहरी लुगाहरू लगाएर परमेश्वरको सामु खडा हुनुभएको कुरालाई कल्पना गर्नुहोस्। त्यस परिप्रेक्ष्यमा जकरिया ३ अध्यायले तपाईं हामी सबैलाई कस्तो महान आशा प्रदान गर्दछ? त्यो आशालाई तपाईंले नै तपाईंको जीवनमा कसरी दावी गर्न सक्नुहुन्छ? अनि त्यस आशालाई यथार्थमा उतारेर तपाईंको पवित्र जीवनलाई कसरी परिचालन गर्ने?**

## ४. मानिसहरूको बाहुबलले होइन (जकरिया ४)

परमेश्वरले उहाँका जनहरूलाई कस्तो आशा दिनुभएको छ भनेर जकरिया ४ले यसरी बताउँदछ, "१ जसरी कोही मानिसलाई निद्राबाट जगाइन्छ तब मसित कुरा गर्ने ती स्वर्गदूतले आएर मलाई त्यसरी जगाए। २ तिनले मलाई सोधे, "तिमी के देख्छौ?"

मैले जवाफ दिएँ, "जम्मै सुनको एउटा सामदान म देख्तछु। त्यसको टुप्पामा एउटा बटुको छ। त्यसमाथि सात वटा बत्ती छन्, र टुप्पामा भएको प्रत्येक बत्तीमा सात वटा नली गाँसिएका छन्। ३ त्यसको छेउमा दुई वटा जैतूनका रूखहरू, एउटा बटुकाको दाहिनेपट्टि र अर्को त्यसको देब्रेपट्टि छन्।" ४ तब मसित कुरा गर्ने ती स्वर्गदूतलाई मैले सोधें, "हे मेरा प्रभु, यी के हुन्?" ५ तिनले जवाफ दिए, "यी के हुन् भनी तिमी जान्दैनौ?" मैले जवाफ दिएँ, "अँहँ, जान्दिनँ मेरा प्रभु।" ६ यसैले तिनले मलाई भने, "यरुबाबेलको निम्ति परमप्रभुको यो वचन छः 'न त बलले न शक्तिले, तर मेरो आत्माले, सर्वशक्तिमान् परमेश्वर भन्नुहुन्छ। ७ "ए शक्तिशाली पर्वत, तँ के होस् र? यरुबाबेलको सामुन्ने तँ मैदान हुनेछस्। अनि उहाँले शिर-ढुङ्गालाई 'परमेश्वरले यसलाई आशिष् दिऊन्!÷ भन्ने जयजयकारका साथ निकाल्नु हुनेछ।" ८ तब परमप्रभुको यो वचन मकहाँ आयोः ९ "यस मन्दिरको जग यरुबाबेलका हातले बसालेका छन्, त्यसैका हातले त्यो सिद्ध्याउनेछन्। तब तैंले जान्नेछस् कि सर्वशक्तिमान् परमप्रभुले मलाई पठाउनुभएको हो। १० "साना कुराहरूको दिनलाई कसले तुच्छ ठान्छ? यरुबाबेलको हातमा तिनीहरूले साहुल देख्दा मानिसहरू रमाउनेछन्। "(यी सात वटा बत्तीचाहिँ परमप्रभुका आँखा हुन्, जसले सारा पृथ्वीमा यताउता हेरिरहन्छन्।)" ११ तब मैले स्वर्गदूतलाई सोधें, "यस सामदानको दाहिने र देब्रेपट्टि भएका यी दुई जैतूनका रूखहरूचाहिँ के हुन्?" १२ फेरि मैले तिनलाई सोधें, "यी दुई जैतूनका हाँगा के हुन्, जो ती दुई सुनका नलीहरूका छेउमा छन् र जसद्वारा सुनको तेल खनिन्छ?" १३ तिनले जवाफ दिए, "यी के हुन् भनी तिमी जान्दैनौ?" मैले भनें, "अँहँ, म जान्दिनँ, मेरा प्रभु।" १४ तब तिनले भने, "यी दुईचाहिँ सारा पृथ्वीका परमप्रभुको सेवा गर्न अभिषेक भएकाहरू हुन्।"

उपरोक्त दर्शनमा जकरियाले पानस देख्छ जसलाई दुई वटा जैतुनको रूखहरूले पोसाइरहेका थिए। मरुभूमीमा भएको परमेश्वरको

पवित्र वासस्थानमा सजिएको पानस बत्तीहरूलाई त्यस दर्शनले सम्झाउँछ (प्रस्थान २५:३१-४०)। ठूलो कचौराको वरिपरि सातवटा बत्तीहरू थिए। त्यस कचौरामा तेल राखिएको थियो।

कचौरा तेलले भरिएको थियो। उहाँको पवित्र आत्माद्वारा उहाँको शक्ति कसरी भरिन्छ भनेर त्यस कचौराको प्रतिकले देखाएको थियो। प्रशस्त ज्योतिले ती सातवटा बत्तीहरू बलेको थियो। सबै अन्धकारहरू परमेश्वरको उपस्थितिले हराइदिन्छ भनेर देखाउन त्यस शव्दचित्रले चित्रण गरेको थियो। कुनै पनि मानिसको सहायताले रूखहरूबाट अलिभ वा जैतुनको तेल पानसमाथि रहेको कचौरामा भरिरहेको थियो। परमेश्वरको शक्तिको प्रवाह कहिलै पनि रोकिन्दैन र त्यस शक्तिले काम गर्न कुनै मानिसको सहायता चाहिन्दैन भनेर त्यस दृष्यले जानकारी दिइरहेको थियो।

यरुशलेमको मन्दिर छिट्टै पुनःनिर्माण हुन्छ भनेर जकरियालाई त्यस दर्शनबाट सन्देश दिइरहेको थियो। केवल मानिसको सक्रियताले मात्र होइन परमेश्वरको आत्माको सक्रिय सहभागीताले त्यो काम पूरा हुन्छ भन्ने वचन उनकहाँ आएको थियो। त्यो आँटिलो सन्देश ती निर्माणकर्ताहरूलाई पनि दिइएको थियो किनभने तिनीहरूले भोगीरहेको समस्या एक ठूलो पहाडको रूपमा तिनीहरूको अगाडि खडा भइरहेको थियो (पद ७)।

त्यस पानसको अर्थ के हो भनेर जकरियालाई खुलाएको छैन। तर दुई जैतुनको रूखहरूले यहूदाको दुई अगुवाहरूको प्रतिनिधित्व गर्छ भन्ने कुरामा हामी यकिन छौं। ती अगुवाहरू हुन् यहोशू र येरुवावेल। साँसारिक तवरले भन्नुपर्दा येरुबाबेलको स्थान उसको राजकिय पूर्खाहरू, दाउद र सोलोमनको बराबरीमा कहिलै पनि हुनसक्दैन। सोलोमनको पालामा बनिएको जस्तो गौरवमय मन्दिर त्यस बेलाका मानविय निर्माणकर्ताहरूले महशूस गरेका थिए। तर सैनिकहरूको जत्थाले राजा बच्दैन भनेर परमेश्वरको वचनले बताउँदछ। र कुनै पनि सिपाहीलाई उसको बाहुबलले रक्षा गर्दैन (भजन ३३:१६)। त्यसले हामीलाई के बताउँछ भन्दा यदि कुनै अगुवाले कुनै पनि कामद्वारा परमेश्वरको महिमा र सम्मान गर्दछन् भने त्यो केवल पवित्र आत्माको अगुवाइमा मात्र हुन्दछ।

प्रत्येक येशूभक्तलाई जकरियाद्वारा सम्झिनुपर्ने एक महत्त्वपूर्ण निति दिइएको छः परमेश्वरले हामीलाई अत्यन्त जटिल काम गर्न खटाउन सक्नुहुन्छ। तर उहाँको आत्माको सक्रियताले उहाँको उद्देष्य उहाँले पूरा गर्न सक्नुहुन्छ (फिलिप्पी २:१३, ४:१३)। जसरी जकरियाको पालामा परमेश्वरले आफ्नो आत्माद्वारा शक्ति दिएर काम सम्पन्न गरियो त्यसरी नै अहिले पनि हामीलाई उहाँले खटाउनुभएको काम गर्न उहाँको आत्मा उपलव्ध छ। मानिसहरूको अथक प्रयास, त्यागतपस्याद्वारा परमेश्वरको काम सम्पन्न हुन्छ भन्ने त होइन तर त्यस व्यक्तिहरूबाट जसको हृदय उहाँको निम्ति खुला हुन्छ र उहाँलाई काम गर्न लगाउनुहुन्छ।

"यसैले तिनले मलाई भने, "यरुबाबेलको निम्ति परमप्रभुको यो वचन छः 'न त बलले न शक्तिले, तर मेरो आत्माले, सर्वशक्तिमान् परमेश्वर भन्नुहुन्छ।" जकरिया ४:६को यस वचनलाई फेरि सोच्नुहोस्। हाम्रो आत्मिक जीवन वा आत्मिक संघर्षको निम्ति परमेश्वरमाथिको पूर्ण भरोसाको विकल्प अरू किन छैन? हामीसँग जे छ, हामीले जे गर्छौं त्यो सबै परमेश्वरबाट नै आउँछ र उहाँको शक्तिले हाम्रो जीवन परिचालन भइरहेको छ भन्ने मनस्थितिलाई हामीले बिर्सिदियौं भने हामीलाई के हुन्छ? (हेर्नुहोस भजन १०)।

## ५. केवल उपवास वा व्रत बसेर धार्मिक रिति पूरा गर्दैमा...(जकरिया ७:८-१४)

जकरिया अगमवक्ता भएर काम गरेको तिन वर्षपछि एक समूह बेथेलेबाट यरुशलेममा आए। तिनीहरूले पूजारी र अगमवक्ताहरूलाई केही सोधपूछ गरे (जकरिया ७:१-३)। जब तिनीहरू बेबिलोनमा दास भएर जीवन बिताएका थिए तब परम्परा अनुसार पाँचौं महिनामा तिनीहरूले उपवास वा व्रत बसेका थिए। राजा सोलोमनले बनाएको मन्दिर भत्काइको शोकमा त्यो उपवासको चलन थालनी गरेको थियो (२ राजा २५:८,९)। चौठौं, सातौं र दसौं महिनामा गरिने उपवासमा त्यो सातौं महिना थपिएको थियो (जकरिया ८:१९)। यरुशलेमको पर्खाल भत्काइएको सम्झनाको गरिने उपवास चौंठो महिनामा थियो (यर्मिया ३९:२)। सातौं महिनमा गरिने उपवासलाईचाहिँ प्रायश्चितको दिन भनेर कहलाइन्थ्यो। (यस दिन विशेष दिन थियो। त्यसबेला आफूले क्षमा

पाएको र शुद्ध भएको भन्दै मन्दिरमा विशेष सेवाकार्य यहूदीहरूले गर्दथे। त्यो तिनीहरूको निम्ति ठूलो चाड थियो)। मोसाद्वारा उपवास बस्न परमेश्वरले दिनुभएको निर्देशन र अनुमोदन केवल त्यस दिनमात्र थियो (लेवी व्यवस्था १६)। अन्तमा दसौं महिनमा गरिने उपवासचाहिँ बेबिलोन (आधुनिक इराक) साम्राज्यले यरुशलेममा आक्रमण गरेर कब्जा गरेको (यर्मिया ३९:१) सम्झनामा थियो। अब तिनीहरू दासत्व जीवनबाट छुटकारा पाइसकेको थियो, मन्दिरको पुनर्निर्माण भइसकेको थियो। त्यस परिवेशमा पाँचौं महिनमा गरिने उपवासको औचित्यको विषयमा मानिसहरूले चासो व्यक्त गरेका थिए।

मानिसहरूले उपवासको बारेमा व्यक्त गरिएको चासोको जवाफमा परमेश्वरले के जवाफ दिनुभयो, जकरिया ७:८-१४मा हेरौं। परमेश्वरका ती वचनहरू हाम्रै जीवनमा पनि कसरी लागु हुनसक्दछ? "८ अनि जकरियाकहाँ परमप्रभुको यो वचन फेरि आयोः ९ "सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, 'साँचो न्याय गर, एकाले अर्कालाई दया देखाओ र टिठ्याओ। १० विधवाहरू र टुहुरा-टुहुरी, विदेशी अथवा गरीबहरूमाथि अत्याचार नगर। आफ्नो हृदयमा एका-अर्काप्रति खराब नसोच। ११ "तर तिनीहरूले त ध्यान दिएर सुन्नलाई इन्कार गरे, हठी भएर तिनीहरूले आफ्नो पिठ्यू फर्काए र आफ्ना कान थुने। १२ सर्वशक्तिमान् परमप्रभुले आफ्ना आत्माद्वारा अघिअघिका अगमवक्ताहरूद्वारा दिनुभएका व्यवस्था र वचन तिनीहरूले सुन्न मानेनन्, र आफ्ना हृदय चकमकको ढुङ्गाझैं कड़ा बनाए। यसैकारण सर्वशक्तिमान् परमप्रभु साह्रै रिसाउनुभयो। १३ " 'जसरी मैले बोलाउँदा तिनीहरूले सुनेनन्, त्यसरी नै तिनीहरूले बोलाउँदा म तिनीहरूको बिन्ती सुन्दिनँ, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। १४ 'तिनीहरूलाई विदेशी भएर बसेका जाति-जातिहरूका बीचमा आँधीबेहरीले झैं मैले तितरवितर पारें। तिनीहरूको देश निर्जन भयो, यतिसम्म कि त्यसमा कोही पनि आउन वा जान सकेन। यसरी तिनीहरूले त्यो सुन्दर देश उजाड़ पारे।"

जकरियामार्फत परमेश्वरले दिनुभएको जवाफमा दुई भागहरू छन्। प्रथमतः भविष्यमा फेरि त्यही गल्तीहरू नदोहऱ्याउन भनेर परमेश्वरका जनहरूले विगतका जीवन र गल्तीहरूको बारेमा सम्झनु आवश्यक छ। विगत समयमा परमेश्वरमाथि भरोसा राखेर र उहाँको

निर्देशनमा चल्न मानिसहरूबाट उहाँले अपेक्षा गर्नुभएको थियो। यदि त्यो विधिमा चलेन भने त्यसको नतिजा के हुनेछ भनेर पनि सतर्क गराएको थियो। तर परमेश्वरलाई पन्छाएर तिनीहरू चले र तिनीहरू हठी भएर उहाँको खिलाफमा क्रियाशील भए। त्यसको फलस्वरुप जब बेबिलोनका राजाले तिनीहरूको देशमा हमला गरे तब परमेश्वरले छेक्नुभएन र त्यहाँका मानिसहरूलाई बेबिलोनमा दास बनाउन लग्दा पनि उहाँ चुप लागेर बस्नुभयो। तिनीहरूको मन पत्थरको जस्तो भएकोले उहाँले तिनीहरूलाई दण्ड दिनुभएको थियो। त्यसकारण विगतका गल्तीहरूबाट सिक भनेर परमेश्वरले तिनीहरूदलाई आह्वान गर्नुभएको थियो। दोस्रोमा, मानिसहरू उपवास बस्दैमा वा ब्रत बस्दैमा वा भोको बस्दैमा परमेश्वर निको मान्नुहुन्छ भन्ने छैन। जब तिनीहरू नम्र भएर परमेश्वरको सामु उपवास बस्दछन् भने आफ्नो धार्मिक विधिहरूबाट तिनीहरू अहङ्कारले फुल्नुहुन्न। अरू भन्दा आफू कतिको धर्मी वा चोखो छु भन्ने मनोवृत्तिबाट तिनीहरू पन्छिनु पर्दछ। आफूले गरेको कुकृत्यप्रति पछुताव गर्दै उपवास वा ब्रत बस्नु परमेश्वरको अगाडि अर्थहिन हो। त्यो केवल समयको मात्र बरबादी हो। यथार्थमा उपवासको अर्थ आफ्नो स्वार्थलाई त्यागेको भनेर देखाउने चलन हो। आफू मरेको भन्ने भान हुनु हो। आफ्नो स्वार्थलाई पन्छाएर अरूको आवश्यकतामा चासो देखाइ तिनीहरूको सेवा गर्न उक्साउन नै उपवासको चलनको औचित्य थियो। "मनैदेखि सच्चा हृदयले उपवास र प्रार्थना गर्दा आफ्नो दिमाग, हृदय र इच्छालाई परमेश्वरमा समर्पण गर्न प्रेरणा दिन्दछ। त्यही नै सत र उपयूक्त उपवास हो।"- एलेन जी ह्वाइट, *काउन्सिल अन डायट एन्ड फुडस्,* पृ. १८९बाट रूपान्तरित।

सच्चा इसाई विश्वासी भएर चल्ने स्थानमा उपवास वा ब्रत, प्रार्थना र अरू असल धार्मिक कामहरूले कसरी ओगटन सक्दछ?

## उपसंहार:

थप जानकारी: "सदाशय परमेश्वरबाट जसले क्षमा र अनुग्रहको याचना गर्दछ त्यसले पाउँछ भन्ने कुरा सैतानलाई थाहा छ। त्यसकारण पापी मानिसहरूलाई उहाँको नजरबाट पन्छाइ राख्न सैतानले तिनीहरूको पापलाई औँल्याइ राखेको हुन्छ ताकि तिनीहरू निराशमा परिरहुन्। ती मानिसहरू जसले परमेश्वरको चाहनालाई पालन गर्न उत्सुक भइरहन्छन्

सैतानले तिनीहरूका पापलाई औंल्याउँदै जहिले पनि तिनीहरूलाई दोषारोपण गरिरहेको हुन्छ। तिनीहरूको उत्कृष्ट प्रयास र स्वीकारयोग्य सेवा पनि कुनियतले गरिरहेका हुन् भनेर सैतानले तिनीहरूलाई निराश पार्न भरमग्दुर प्रयास गर्दछन्। सैतानले धेरै गोप्य र निष्ठुर चालबाजीहरूको प्रयोग गर्दछन्। परमेश्वरले ती मानिसहरूलाई कठोरतापूर्वक न्याय गरोस् भनेर धेरै नराम्रो गराउन सैतानले तिनीहरूलाई फसाइ राख्न प्रयास गर्दछ।

"हो, आफ्नै बाहुबलले शत्रुको अभियोगहरूको मानिसले सामना गर्न सक्दैन। आफ्नो पापको दागैदागले ढाकेका लुगा लगाएर त्यो पापी परमेश्वरको अगाडि (असहाय भएर) खडा हुन्छन्। तर प्रत्येक प्राणी जसले आफ्नो आत्मा येशूलाई सुम्पन्छन् त्यसको निम्ति उहाँ हाम्रो वकिल भएर तिनीहरूको पक्षमा वकालत गर्नुहुन्छ। तिनीहरूको निम्ति उहाँ लड्नुहुन्छ। क्रुसमा चढाउनुभएको आफ्नो बलिद्वारा येशूले सैतानलाई हराउनुभएको छ। परमेश्वरको व्यवस्थालाई निष्खोट रूपमा पालन गर्नुभएकोले उहाँले येशूलाई सारा स्वर्ग र पृथ्वीको सबै शक्ति अधिकार सुम्पिनुदिनुभएको छ। अनि अपराधी मानिसको निम्ति उहाँले आफ्नो पितासँग क्षमा र दयाको दावी गर्नुहुन्छ। अनि सैतानलाई येशूले भन्नुहुन्छः 'परमेश्वरले तिमीलाई झपारोस्, हे सैतान। ती मानिसहरू मेरो रगतले किनेका हुन्। आगोको ज्वालाबाट तिनीहरूलाई निकालिएका हुन्।' अनि विश्वास र आस्थाद्वारा जसले उहाँमाथि भरोसा राख्दछन् तिनीहरूलाई येशूले यो वचन दिनुहुन्छ, 'तिम्रो पाप मैले पखाली सकें। मेरो शुद्ध पोसाक तिमीलाई पहिऱ्याइ दिन्छु' जकरिया ३:४'।"-एलेन जी ह्वाइट, प्रोफेटस् एन्ड किङ्गस्, पृ. ५८६,५८७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको माथिको वक्तव्यलाई तपाईंले के भन्नुहुन्छ? मुक्ति वा मोक्ष भनेको हामीहरूको कुनै क्रियाकलाप, धर्मकर्म, परोपकारी आदिबाट उपलब्ध हुने होइन तर अनुग्रहबाट मात्र हुन्छ भन्ने महान् आत्मज्ञानको सत्यतालाई तपाईंले कसरी बुझ्नुहुन्छ? जब हामी निराशको बादलमा पस्दछौं तब ती वचनहरूले हामीलाई कसरी सान्त्वना र आशा

दिन्दछन्? जे गरेतापनि हामी परमेश्वरको अगाडि योग्य वा चोखो भएर खडा हुनसक्दैनौं भन्ने मनस्थिति बोकेर उहाँबाट पन्छिने नैराश्यता बोकेर हिंड्ने बानी भएका हामीलाई ती अचम्मका सत्यवाणीले कसरी बल दिंदछ र परमेश्वरबाट तर्किनु आवश्यक छैन भनेर सघाउँछ? बरू त्यस अचम्मको आत्मज्ञानले त प्रेमिलो परमेश्वरलाई झन माया गरेर उहाँका सबै आज्ञाहरू पालन गर्न प्रतिवद्धतासाथ निरन्तरता दिन झन कसरी हौशला दिंदछ?

आ. पाँचौं बुँदाको प्रश्नको बारेमा फेरि सोच्नुहोस्। धर्मकर्मको नाउँमा सैतानले विछ्याएको धरापमा पर्न किन सजिलो छ? फेरि त्यसैबखत हाम्रो धर्म केवल सामाजिक वा परोपकारीको कामको लागि मात्र हो अरू कुनै मतलब छैन भन्ने खतरापूर्ण मनिस्थितिबाट हामी कसरी जोगिने? परमेश्वरको नितिलाई पनि पालन गर्ने र अरूको हित पनि रूचाएर अघि बढ्ने सन्तुलित जीवनशैलीलाई हामीले कसरी अपनाउने?

इ. जकरियाका सम्पुर्ण पुस्तकमा दिएका कतिपय कुराहरू बुझ्न सान्हो हुनसक्दछ। यद्यपि, सत्य येशूभक्तको आचरण र आदर्शमा बस्न त्यस पुस्तकबाट कस्ता कस्ता पाठहरू हामी सिक्न सक्दछौं?